# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १५८ | काठमाडौं | आइतबार, १२ असोज २०८२ | Prabhab National Daily | Sunday, 28 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




दसैं मनाउन घर जान शनिबार बिहान गोंगबुस्थित नयाँ बसपार्कमा बस चढ्न आएका यात्रुहरू। *तस्बिर: रासस*

सन्दर्भ: वैदेशिक रोजगार

वैदेशिक रोजगार व्यवसायीको दसैं

## अधिकांश व्यवसायी गृहजिल्ला जाँदै, कोही विदेशतिर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** हिन्दूहरूको घरघरमा बडादसैं भित्रिसकेको छ। अहिले दसैं मनाउन सहरी क्षेत्रबाट गाउँ जानेको भीड नै लागेको छ। काठमाडौं उपत्यकाबाट दैनिक हजारौंको संख्यामा मानिसहरू बाहिरिइरहेका छन्। दसैं मनाउनकै लागि विदेशमा रहेकाहरूसमेत घर फर्किरहेका छन्।

दसैंको चहलपहल बढ्दै गर्दा बाध्यताले मुलुक छाड्नेहरूको संख्या पनि कम छैन। वैदेशिक रोजगारीमा जानेहरूको संख्या यो बेला पनि घटेको छैन। मुलुकमा रोजगारीको अवसर नपाएपछि युवाहरू बाध्यात्मकरूपमा रोजगारीका लागि मुखैमा आएको चाड नमनाई विदेसिरहेका देखिन्छन्।

वर्षदिनको चाड मनाउन अधिकांश मानिसहरू आफ्नो थातथलो फर्कंदै गर्दा वैदेशिक रोजगार व्यवसायीहरू पनि दसैंको मनाउने तयारीमा जुटेका छन्। आजसम्म कार्यालय खुल्ने भएकाले दसैंको तयारीसँगसँगै व्यवसायलाई निरन्तरता दिइरहेको व्यवसायीहरू बताउँछन्। काठमाडौं बाहिरबाट आएर यहाँ व्यवसाय चलाउँदै आएका धेरै व्यवसायीहरू दसैं मनाउन आ-आफ्नो जन्मथलो पुगिसकेका बुझिएको छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले विगतको जस्तै यसपालिको दसैं पनि आफ्नो गृहजिल्ला कास्कीको पोखरामै गएर मनाउने भएका छन्। 'दसैं मनाउन पोखरा जान्छु। प्राय:जसो काठमाडौं नै बस्छु। तर चाडबाडको समयमा उतै जान्छु,' उनले भने, 'त्यहाँ टीका लगाइन्छ। आफन्तसँग भेटघाट हुन्छ, यस्तै त हो नि।'

> दसैं मनाउन पोखरा जान्छु। प्राय:जसो काठमाडौं नै बस्छु। तर चाडबाडको समयमा उतै जान्छु। त्यहाँ टीका लगाइन्छ। आफन्तसँग भेटघाट हुन्छ।
>
> ■ **भुवनसिंह गुरुङ**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

> दसैं लागिसक्यो। मैले त शुक्रबारबाटै अफिस पनि बिदा दिइसकें। यसपालि जुठो परेको छ। टीका लगाउँदैनौं, आफन्त भेटघाटचाहिँ हुन्छ।
>
> ■ **जनक रावल**
> अध्यक्ष, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल

> म बिहीबार अमेरिका आएँ। मेरो परिवारका सबै सदस्य यतै भएकाले यसपालि यतै दसैं मनाउँदै छौं।
>
> ■ **हरिबहादुर पाण्डे**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति

पूर्णिमाको दिनसम्म दसैं मनाइने हुँदा पूर्णिमाको भोलिपल्टबाट भने आफ्नो व्यवसायमा फर्किने उनले बताए। अन्य जिल्लाबाट काठमाडौंमा पेसा व्यवसायका लागि आएकाहरू धेरै भएकाले आफ्नो गृहजिल्ला फर्किने क्रम सुरु भइसकेको उनले बताए। संघकी कोषाध्यक्ष धनुमाया सिँजालीले भने यसपालि टीका लगाउन नमिल्ने भएकाले दसैं नलागेको बताइन्। 'यसपालि टीका छैन। मेरो माइती चितवन हो। फूलपातीपछि उतै जान्छु। एक हप्ताजति उतै बस्छु,' सिँजालीले भनिन्।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले पनि यसपालिको दसैंमा टीका नलगाउने भएका छन्। अछामका रावलले टीका नभए पनि दसैं भने लागिसकेको बताए। 'दसैं लागिसक्यो। मैले त शुक्रबारबाटै अफिस पनि बिदा दिइसकें। यसपालि जुठो परेको छ। टीका लगाउँदैनौं, आफन्त भेटघाटचाहिँ हुन्छ,' रावलले भने, 'त्यस्तो विशेष त केही पनि छैन। गृहजिल्ला अछाम भए पनि यो पालि यतै हुन्छु।' यो समयमा वैदेशिक रोजगारीको काम ठप्प जस्तै हुने भएकाले व्यवसायीहरूलाई विश्राम लिने समय भएको उनले बताए।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष दीपक थापा विगतको जस्तो दसैं नलागेको बताउँछन्।

क्रमश: पृष्ठ २ मा

## फागुनमा निर्वाचन चाहँदैनन् शीर्ष दल



> अहिलेको नेतृत्व फेजआउट भइसक्यो। यही नेतृत्व लिएर अघि बढे जनताको आक्रोश झनै बढ्छ। पार्टीले थप ठूलो क्षति बेहोर्नुपर्छ।
>
> ■ **प्रा.डा. गोविन्द पोखरेल**
> केन्द्रीय सदस्य, नेपाली कांग्रेस



> हामीले यो देश बनाउनुपर्ने छ। फेरि पनि यो देशलाई संवैधानिक, लोकतान्त्रिक मूलधारमा ल्याउँछौं। फेरि पनि सुशासनमा ल्याउँछौं।
>
> ■ **केपी शर्मा ओली**
> अध्यक्ष, नेकपा एमाले



- सभामुख देवराज घिमिरे चाडपर्व सकिनासाथ दलहरूसँग परामर्श गरी संसद् पुनर्स्थापनाको माग लिएर सर्वोच्च अदालत जाने तयारीमा
- चुनाव भइहाले यही नेतृत्वमा जाँदा असफल हुने डर कांग्रेस एमालेलाई
- विशेष महाधिवेशन फागुनसम्म लम्बिँदा चुनाव धकेलिने र सरकार असफल बनाउने रणनीति बनाउँदै दलहरू

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जेन-जी विद्रोहपछि आकस्मात सडकमा आइपुगेका दलहरूले संसद् विघटन असंवैधानिक भने पनि चुनावमा भाग लिने जनाइरहेका छन्। अन्तरिम सरकारले फागुन २१ गते चुनाव गर्ने घोषणा गरिसकेको छ।

बिहीबार देशवासीको नाममा सम्बोधन गर्दै प्रधानमन्त्री सुशीला कार्कीले फागुन २१ मा हुने चुनावमा सहभागी हुन बिहीबार सबैलाई आग्रह गरिसकेकी छन्। यसैअनुसार निर्वाचन आयोगले चुनावी तयारीका लागि मतदाता नामावली संकलनसमेत सुरु गरिसकेको छ। तर दलहरू चुनावमा भाग लिने पक्षमा देखिन्न। यसका दुई कारण देखिन्छन्- एक, चुनावमा जानुअघि संसद् विघटन असंवैधानिक भन्दै सर्वोच्च जाने तयारी र अर्को, यही नेतृत्वमा चुनावमा जाँदा ठूलो क्षति बेहोर्ने निश्चित भएकोले।

कांग्रेस केन्द्रीय सदस्य प्रा.डा. गोविन्द पोखरेल अहिलेको नेतृत्वमा चुनावमा जाँदा पार्टीलाई ठूलो क्षति पुग्ने बताउँछन्। 'यो नेतृत्व फेजआउट भइसक्यो। यही नेतृत्व लिएर अघि बढे जनताको आक्रोश झनै बढ्छ,' प्रा.डा. पोखरेलले भने।

यसका लागि कांग्रेसले महाधिवेशन गरी नेतृत्व फेर्नैपर्ने आवाज पार्टीमा चर्केको छ। तर फागुन २१ भित्र नयाँ महाधिवेशन हुने सम्भावना टर्दै गएको छ। कांग्रेस सभापति शेरबहादुर देउवा भदौ २४ गते प्रदर्शनकारीको कुटपिटपछि उपचाररत छन्।

कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले जति सक्छ छिटो विशेष महाधिवेशनका माग गरिरहेका छन्। यसका लागि केन्द्रीय समितिमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले महाधिवेशन माग गर्नुपर्छ। यही अनुरूप गगन र विश्वले हस्ताक्षर अभियान थालिसकेका छन्।

यसबारे छलफल गर्न कांग्रेसले दसैंपछि केन्द्रीय समिति बैठक डाकेको छ। बैठक असोज २६ गते बस्ने कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। यो केन्द्रीय समितिमा कांग्रेसको कमजोरी र पछिल्लो राजनीतिक अवस्थाबारे निर्मम समीक्षा गरिने कांग्रेस उपसभापति पूर्णबहादुर खड्काले बताए। 'हामी निर्मम समीक्षा गर्छौं,' उनले भनेका छन्।

केन्द्रीय समितिले नियमित महाधिवेशन नै गर्न सक्ने केन्द्रीय सदस्य प्रा.डा. पोखरेल बताउँछन्। नियमित महाधिवेशन पूरा गरे फागुनमा निर्वाचनमा भाग लिन कुनै समस्या नहुने उनको भनाइ छ। तर यसका लागि देउवा तयार हुनुपर्छ। देउवानिकट नेताहरू अहिल्यै नै देउवाले पद नछाड्ने बताउँछन्। यसो भनेको २०८२ मंसिरमा देउवाको पदावधि सकिन्छ। यसपछि तीन महिनाभित्र सकिनेगरी महाधिवेशन बोलाउँदा फागुन पुग्छ। यो भनेको चुनाव केही समय पर धकिलेनु हो।

फागुन कटेपछि दलहरूले संसद् पुनर्स्थापनाको मुद्दा अघि बढाउने तयारीसमेत गरेका छन्। यता जेन-जी विद्रोहको हुरीले सरकारको नेतृत्वबाटै बिदा हुनुपरेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्व नछाड्ने मुडमा देखिन्छन्। शनिबार भक्तपुरको गुण्डुमा युवा संघले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा ओलीले आफू देश छाडेर नभाग्ने तर्क गर्दै देशलाई लोकतन्त्रको मूलधारमा ल्याउने जिम्मा आफ्नो भएको दाबी गरे।


'हामीले यो देश बनाउनुपर्ने छ। फेरि पनि यो देशलाई संवैधानिक, लोकतान्त्रिक मूलधारमा ल्याउँछौं। फेरि पनि सुशासनमा ल्याउँछौं,' ओलीले भने।

युवाको आक्रोश ओलीविरुद्ध देखिन्छ नै, एमालेभित्रै ओलीविरोधी स्वर चर्कन थालेको छ। ओलीको तानाशाही प्रवृत्तिकै कारण अहिलेको अवस्था पूर्वानुमान गर्दै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको नेतृत्वमा एमालेमा विद्रोहको प्रयास भएको थियो। तर ओलीले भण्डारीको कदममा झनै निरंकुश हुँदै तेस्रोपटक अध्यक्ष हुने बाटो विधान महाधिवेशनमार्फत पार्टीको विधानमा खुला गरे। मुढे बलमा विधान संशोधन गरेको भोलिपल्टै ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिनुपर्‍यो।

यही कारण उनको नेतृत्वमा चुनावमा जानु गल्ती हुने बताउँछन् एमाले नेताहरू। एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे अहिलेको अवस्थामा नेतृत्व 'रिफर्म' (पुनर्संरचना) हुनैपर्ने बताउँछन्। यसो नभएमा चुनावमा जनताले यो नेतृत्वलाई रुचाउँदैनन्।

'पुरानो अर्थात् अहिलेको जुन नेतृत्व तहका नेताहरू छन् बिदा हुनुपर्छ भन्नेसम्मको माग उठेको छ। एउटा, नेतृत्वमा रिफर्म हुनैपर्छ।

क्रमश: पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## फागुनमा...

अर्को, अहिलेको जस्तो संगठन भएर अब चल्दैन । तेस्रो भनेको विचारको पनि रिफर्म हुनैपर्छ,' पाण्डेले भने । ओलीनिकट नेताहरू ११औं महाधिवेशनबाट मात्रै हटाउन सकिने बताइरहेका छन् । एमालेको १०औं महाधिवेशन २०७८ मंसिरमा सौराहमा भएको थियो । विधानअनुसार महाधिवेशन हुन एमालेले अझै एक वर्ष कुर्नुपर्ने देखिन्छ ।

त्यसैले ओलीइतर नेताहरू ओली अहिले नहटेर चुनावमा गएको अवस्थामा पार्टीले नराम्रो क्षति बेहोर्ने भन्दै ओलीलाई तत्काल अध्यक्षबाट बिदा गर्नुपर्ने पक्षमा छन् । एमाले सचिव योगेश भट्टराईले पनि पुनर्गठनविना पार्टी चल्न नसक्ने बताएका छन् । बिहीबार भट्टराईले भनेका छन्, 'अब पुनर्गठनविना सम्भव छैन ।' भदौ २२ नयाँ चेतनामाथि उभिएकाले पार्टी पुनर्गठन आवश्यक रहेको उनको धारणा छ ।

चौतर्फी दबाबसँगै ओलीले चाँडै महाधिवेशन बोलाउन सक्ने एमाले नेताहरू बताउँछन् । यसो भएमा छ महिना अर्थात् चैतसम्ममा महाधिवेशन हुन सक्ने उनीहरूको धारणा छ । यसो हुँदा चुनाव थप तीन महिना धकेलिन सक्ने एमाले र कांग्रेसका नेताहरू बताउँछन् । यता सभामुख देवराज घिमिरे भने चाडपर्व सकिनासाथ दलहरूसँग परामर्श गरी सर्वोच्च अदालत जाने तयारीमा छन् । संसद् विघटनको कदम असंवैधानिक भन्दै सर्वोच्च जाने र त्यहाँबाट न्याय पाउने आशमा दलहरू रहेको सभामुख घिमिरेको बुझाइ देखिन्छ ।

नेकपा माओवादी केन्द्रले मंसिरमा विशेष महाधिवेशन हुनेगरी केन्द्रीय समिति विघटन गरेको छ । केन्द्रीय समिति भंग भएसँगै आफू महाधिवेशन संयोजक भएको पुष्पकमल दाहालले बताएका छन् । यतिमात्र हैन दाहालले विचार मिल्ने दलसँग एकता गर्ने र युगको चाहनाअनुसार पार्टीभित्रका नेताहरूको सम्पत्ति छानबिन गर्न समितिसमेत बनाउन थालेको छ । दलहरूले गरेको यो तयारी संकेतले उनीहरू २१ फागुनको निर्वाचनमा जाने देखिँदैनन् । यसले पुनः राजनीतिक अन्योल र अशान्ति बढाउने सरोकारवालाहरूको चिन्ता छ ।

■■■

## अधिकांश...

स्यांजाका थापाले यतै टीका लगाउने भए पनि आफूलाई गाउँघरकै दसैं रमाइलो लाग्ने बताए । उनी टीकाको भोलिपल्ट मात्रै स्यांजा जाने तरखरमा छन् । 'दसैं खासै लागेको छैन । पहिलाजस्तो चहलपहल नै छैन । यसपालिको दसैं यतै हुन्छ,' उनले भने, 'रमाइलो त गाउँमै हुन्छ । गाउँमा अष्टमी पूजादेखि धेरै कुराहरू हुन्छन् । टीका लगाएको भोलिपल्ट नै गइहाल्छु म पनि स्यांजातिरै ।' आज (आइतबार)बाट कार्यालय बन्द गर्ने उनले बताए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे यसपालिको दसैं वैदेशिक रोजगार व्यवसायीहरूका साथै कसैका लागि खुसी र उमंगको दसैं नभएको बताउँछन् । हालसालै मुलुकमा देखिएको अवस्थाका कारण सबै नागरिकहरू त्रासमा रहेको उनले बताए ।

'देशमा आमूल परिवर्तन भयो । र, यो परिवर्तन नाममात्रको हुन्छ या साँच्चै केही हुन्छ भनेर आमनागरिक त्रासमा छन् । त्यसमा पनि व्यवसायीहरू जलेका भवन बनाउन व्यस्त हुनुहुन्छ । हामीले बसपार्कमा बनाएको २० लाख रूपैयाँबराबरको भवन दसैंअघि नै हस्तान्तरण गर्ने तयारी हुँदै छ,' पाण्डेले भने ।

परिवार अमेरिकामा भएकाले यसपालिको दसैं उतै मनाउनेगरी उनी उता पुगिसकेका छन् । 'म बिहीबार अमेरिकाको मिनिसोटा आएँ । मेरो परिवारका सबै सदस्य यतै भएकाले यसपालि यतै दसैं मनाउँदै छौं,' पाण्डेले प्रभावसँग भने ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०७/२० मा दर्ता भएको **प्रा. लि. नं. १७७५९४/०७४/०७५** को **युरो एशिया रिक्रुटमेन्ट सर्भिस प्रा. लि.** को मिति २०८२/०६/१० को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

# ट्राफिक व्यवस्थापनमा सघाउँदै महानगर

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले ट्राफिक व्यवस्थापनका लागि दुई हजार ५०० ट्राफिक कोन र एक हजार २५० रिट्र्याक्टेबल बार सडकमा राख्न सुरु गरेको छ ।

सडक च्यानलाइजेसनमार्फत दुर्घटना र जाम न्यूनीकरण गर्ने लक्ष्य, ट्राफिक व्यवस्थापनमा महानगर, ट्राफिक प्रहरी र सरोकारवालाबीच सहकार्यमा कामपाले उक्त कार्य सुरु गरेको जानकारी दिएको छ । कामपा सहरी योजना आयोगका सहायकविज्ञ अनुकुल निधिका अनुसार आर्थिक वर्ष २०८०/८१ मा नै यी सामग्री खरिद गर्ने योजना भए तापनि विभिन्न प्रक्रियागत चुनौतीका कारण २०८१/८२ मा खरिद गरिएको हो । जसले ट्राफिक व्यावस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा कामपाको रहेको छ ।

विज्ञ निधिका अनुसार ट्राफिक कोनको उचाइ ९०० देखि एक हजार मिलिमिटरसम्मको छ । पहिलेपहिले सडकमा राखिने कोनभन्दा अहिलेको कोनको आकार ठूलो भएकाले सवारी चालकहरूलाई अनुशासित बनाउने अपेक्षा गरिएको छ ।

यी कोनहरू तल प्वालरहित र तीनदेखि पाँच केजी तौलका छन् । यसले बाइक चालकहरूले कोन हटाउने प्रवृत्तिलाई पनि निरुत्साहित गर्ने समेत निधिलेको भनाइ छ । 'यी कोनहरू राति पनि स्पष्ट देखिन्छन् । एक सेटमा दुई ट्राफिक कोन र एउटा दुई मिटर लामो टेलिस्कोपिक रिट्र्याक्टेबल बार (जसले दुई कोनलाई जोड्छ) राखिएको छ । यसरी एक हजार २५० सेट खरिद भएका छन्, जसमा कूल २५ सय कोन र एक हजार २५० बार रहेको बताइएको छ ।

उक्त सामग्री मुख्य सडकखण्डमा च्यानलाइजेसनको कमी र दक्षिण एसियाली ड्राइभिङ व्यवहार (खाली ठाउँमा तरल पदार्थजस्तै गाडी चढ्ने प्रवृत्ति) लाई सम्बोधन गर्न सक्ने बताइएको छ । अहिले उक्त सामग्रीहरू सिंहदरबारदेखि भद्रकाली, सिंहदरबारदेखि माइतीघर र पद्मोदय मोड । विशेषगरी भद्रकालीबाट सिंहदरबारतिरको क्षेत्रमा लस्कर आकारमा कोन राख्दा विपरीत दिशाबाट आउने सवारीको चापलाई न्यूनीकरण गर्ने हुँदा उक्त स्थानमा राखिएको छ । यसले सहजै बायाँतर्फ मोडिने सवारीले (माइतीघरदेखि भद्रकालीतर्फ) लेन प्रयोग गर्नसक्ने छन् । जसले दुर्घटना र ट्राफिक जामको समस्या घटाउने छ ।

सडक प्रयोगकर्तादेखि व्यवस्थापन गर्ने निकाय हुँदै ट्राफिक प्रहरीसम्म सबैको भूमिका र सहकार्य यसको आधार हो । ट्राफिक व्यवस्थापन गर्न 'डेटा-आधारित' वैज्ञानिक दृष्टिकोण, आधुनिक प्रविधि र स्थलगत व्यावहारिक व्यवस्थापन प्रविधिको भूमिका अनिवार्य भएको पनि कामपाको भनाइ छ ।


## मलेसियामा रोजगार

कम्पनी : AURA SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० LT. No. 331793 चलानी नं. ६०२४५३९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 50 | 0 | 1700 | ५६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम ईजाजत नं. १४०४/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी : TAMKEEN HUMAN RESOURCES COMPANY.

पूर्व स्वीकृति मिति : २०८२/०६/१० LT. No. 331825 चलानी नं. ६०२४५४६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 15 | 0 | 1000 | ३७,७०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | १०,०००/– | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEW ALFA HR SERVICES PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74



## हार्दिक शुभकामना

नेपालीहरूको महान पर्व **विजयादशमी** एवं **शुभ दीपावली र छठ पर्व २०८२** को पावन अवसरमा समस्त विदेश तथा देशवासी नेपाली दाजु-भाई दिदी बहिनीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**कामनपा वडा नं. १४ को नगरबासीहरूमा अनुरोध**

- चाडपर्वमा फजुल खर्च नगरौं ।
- चाडबाडको समयमा खानपीनमा ध्यान दिऔं ।
- मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपयोग नगरौं ।
- हाम्रो सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
- मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्वको बेला सवारी साधनमा भिडभाड गरी यात्रा नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- चाडबाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सर जस्तो भयावय रोग लाग्न सक्छ ।

**सुमन श्रेष्ठ**
वडा अध्यक्ष

**जयदेव घिमिरे**
वडा सचिव

**काठमाडौं महानगरपालिका**
**१४ नं. वडा कार्यालय**
**वागमती प्रदेश, नेपाल**


# शान्ति सुरक्षा कायम राख्न गृहको अनुरोध

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले समाजमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गर्ने कार्यमा सहयोग गर्न सबैलाई अनुरोध गरेको छ । शनिबार एक विज्ञप्ति जारी गरी मन्त्रालयले आमनिर्वाचनको प्रारम्भिक कार्य सुरु भइसकेको सन्दर्भमा सभा, सम्मेलन, बैठक एवं विरोधका कार्यक्रम गर्दा शान्तिपूर्ण ढंगबाट गर्न आग्रह गरेको हो ।

'नेपालको राष्ट्रहित, सुशासन तथा भ्रष्टाचार नियन्त्रणलगायतका माग राखी गत भदौ २३ र २४ गते जेन-जी युवाको अगुवाइमा भएको आन्दोलनपछि नयाँ सरकार गठन भई आमनिर्वाचनको प्रारम्भिक कार्य सुरु भइसकेको छ,' विज्ञप्तिमा भनिएको छ, 'यस अवस्थामा सभा, सम्मेलन, बैठक एवं विरोधका कार्यक्रम सञ्चालन गर्दा अहिंसात्मक हुनेगरी शान्तिपूर्ण ढंगबाट अन्य पक्षलाई असर नपर्ने एवं उक्साहट नहुनेगरी गर्नु भई समाजमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गर्ने कार्यमा सहयोग गर्नुहुन सबैमा अनुरोध गरिन्छ ।'

# गड्डाचौकीमा नागरिक सहायता कक्ष स्थापना

**कञ्चनपुर (प्रस)–** नेपाल प्रहरीले भारतसँग जोडिएको पश्चिमी सीमा नाका गड्डाचौकीमा सुरक्षा जाँचमा कडाइ गरेको छ । यसका लागि प्रहरीले तालिम प्राप्त कुकुर परिचालन गरेर सुरक्षा जाँच थालेको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले चाडपर्व लक्षित सुरक्षा योजनाअन्तर्गत शनिबारदेखि नाकामा तालिम प्राप्त कुकुर परिचालन गरेको हो । खुला सीमा नाकाबाट चाडपर्वका बेला लागूऔषध र विष्फोटक पदार्थ भित्रिन सक्ने भएकाले प्रहरी नाकामा तालिम प्राप्त कुकुर परिचालन गरेर सुरक्षा जाँच गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक सागर बोहराले जानकारी दिए ।


## गौरादह नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
गौरादह, झापा, कोशी प्रदेश नेपाल

## हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस नगरवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरुमा सुख, शान्ति, समृद्धि छाओस्, लक्ष्मीले बास गरुन् विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सु-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नगरबासीहरूमा जनहितमा जारी सन्देश**

- मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपयोग नगरौं ।
- हाम्रो सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं ।
- मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्वको बेला सवारी साधनमा भिडभाड गरी यात्रा नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- चाडबाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं ।
- चाडबाडको समयमा आफ्नो घर छोडेर टाढासम्म नजाऔं, जानै परेमा आफ्नो घरको झ्याल, ढोका, ग्रील बन्दगरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं ।
- एक-अर्काको धर्म-अर्काको धर्म-संस्कृति, रिति-रिवाज, रहन-सहन र चाडपर्वको सम्मान गरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं, मद्यपान तथा जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- डेंगु संक्रमण कायमै रहेकोले सुरक्षित रहेर चाडपर्व मनाऔं, स्वस्थ सुरक्षाका सामाग्रीहरुको प्रयोग गरौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सर जस्तो भयावय रोग लाग्न सक्छ ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं ।
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपयोग गरौं ।
- सडे गलेको र गन्हाएको मासुजन्य पदार्थ प्रयोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर मात्र उपभोग गरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- चाडपर्वमा फजुल खर्च नगरौं ।
- चाडबाडको समयमा खानपीनमा ध्यान दिऔं ।

**श्री छत्रपति सुवेदी**
अध्यक्ष

**श्री जलवर्षा राजवंशी**
उपाध्यक्ष

**गौरादह नगरपालिका, गौरादह, झापा, कोशी प्रदेश नेपाल**


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)**

## आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास), जाजरकोट

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मितिः- २०८२/०६/१२ (Sept-28, 2025)

यस आयोजना कार्यान्वयन इकाईबाट मिति २०८२/०३/१९ गतेको आन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र E-Bid मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मूल्याङ्कन पश्चात सारभूतरुपमा प्रभावग्राही देखिएका तपसिलका बोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८२/०६/२० (Oct. 06, 2025 at 13:00) गते दिनको १:०० बजे यस आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) जारकोटमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ ज (५) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाता तथा सरोकारवालाहरुको उपस्थिति एवम जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः-**

**१ – ठेक्का नं. र कार्यको विवरण :- PIU/JAJARKOT/NCB/WORKS/20-081/082 (Reconstruction of Building of Eye Treatment Center Salle, Rukum, Salle, West Rukum**

**सफल बोलपत्रदाताहरु**
1. Chhatreswari Nirman Sewa Pvt.Ltd., New Baneshwor, Kathmandu
2. Subarnawoti Construction Pvt. Ltd., Rolpa -04, Libang, Rolpa
3. M.P. Construction Company Pvt. Ltd- National Multi Builders JV, Nepalgunj-18, Banke
4. K.R. Builders Pvt. Ltd., Birendranagar-10, Surkhet
5. Civil Builders and Engineering Construction, Saina Maina Municipality, Rupandehi, Nepal
6. Sanjibini Nirman Sewa Pvt. Ltd-Maha Construction & Suppliers Pvt. Ltd. JV, Balkhu-14, Kathmandu
7. Om Nirman Sewa Dolpa-Purna Prashuram Builder JV, Musikot-4, Rukum West
8. Shaikumari Engineering Consultancy Pvt. Ltd., Aathbiskot -09, Rukum (West)
9. Y.K. Construction-Sinet Nirman Sewa JV, Bheri, Jajagarkot
10. Sarmila Construction- M.k Construction-Crystal Nirman Sewa JV, Kathmandau
11. Argeja Construction Company Pvt Ltd, Burtibang Baglung
12. B.C Nirman Sewa-Nagadesh Shree Nilbarahi Nirman Sewa JV, Darmachaur-8, Salyan

**२– ठेक्का नं. र कार्यको विवरण :- PIU/JAJARKOT/NCB/WORKS/21-081/082 (Reconstruction of Building of Jail Office Jajarkot, Khalanga, Jajarkot.)**

**सफल बोलपत्रदाताहरु**
1. B.M. Construction Pvt. Ltd., Bidur-1, Nuwakot
2. Rudrawati Nirman Sewa Pvt. Ltd, Dhangadhi-5 Kailali
3. Ankur Nirman Sewa Pvt. Ltd, Kathmandu-32
4. K.D.N Nirman Company Pvt. Ltd. -Paraba Nirman Sewa JV, Dhangadhi-3, Kailali
5. New K.P. Construction Pvt. Ltd., New Baneshwor, Kathmandu
6. Tamakoshi Construction Co. Pvt. Ltd, Dolakha
7. Nagarik Energy Development Company-Nagarik Nirman Sewa JV, Barbardiya-09, Bardiya
8. D B C Construction Pvt. Ltd, Dunai-1, Dolpa
9. Gurukul Builders and Suppliers Pvt. Ltd-Shristi Builders & Company Pvt Ltd, Chandrapur, Rautahat
10. Siddhi Bahan Nirman Sewa -Y.K. Construction JV, Jagatipur-11, Jajagarkot
11. Seti Nirman Sewa-Bhuwan Nirman Sewa JV, Dhangadhi-4, Kailali
12. Badu Builders Pvt. Ltd, Maharajgunj -4 Kathmandu.
13. Shreeganesh Construction-B.R. Construction JV, Mahalaxmi-03, Lalitpur
14. M.S. Construction Pvt. Ltd.- Chandrama Nirman Sewa J.V., Paribartan RM-3, Rolpa
15. Talju Construction & Suppliers Pvt. Ltd-Glorious Multipurpose & Suppliers-Golden Construction Services Pvt. Ltd JV, Kathmandau

**३– ठेक्का नं. र कार्यको विवरण :- PIU/JAJARKOT/NCB/WORKS/22-081/082 (Reconstruction of District Health Office Building, Khalanga, Jajarkot)**

**सफल बोलपत्रदाताहरु**
1. Sarbajanik Nirman Sewa Pvt. Ltd., Bidur-01, Nuwakot
2. K.R. Builders Pvt. Ltd., Birendranagar-10, Surkhet
3. Ankur Nirman Sewa Pvt. Ltd, Kathmandu-32
4. Subarnawoti Construction Pvt. Ltd. - Haribhakta Nirman Sewa Udhyog, JV, Rolpa Municipality -04
5. K.D.N Nirman Company Pvt. Ltd. - Paraba Nirman Sewa JV, Dhangadhi-3, Kailali
6. Nishan Bhumi Construction-Nagadesh Shree Nilbarahi Nirman Sewa JV, Salyan
7. Bishal Nirman Sewa/ Dikshya and Dilip Construction/ Karnali Builders JV, Birendranagar-3, Surkhet
8. Siddhi Bahan Nirman Sewa -Y.K. Construction JV, Jagatipur-11, Jajagarkot
9. New Rawat Nirman Sewa-Uthan Construction and Multi-Suppliers Pvt. Ltd. JV Simikot-3, Humla
10. P&D. K Builders Pvt. Ltd., Manthali-02, Manthali-2, Ramechhap
11. MB Construction, Chaurjahari-2, Rukum
12. Sarmila Construction-M. K construction- Jayalaxmi Construction JV, Kathmandau

**४– ठेक्का नं. र कार्यको विवरण :- PIU/JAJARKOT/NCB/WORKS/23-081/082 (Reconstruction of Building of District Coordination Committee Jajarkot, Khalanga, Jajarkot)**

**सफल बोलपत्रदाताहरु**
1. Sarbajanik Nirman Sewa Pvt. Ltd., Bidur-01, Nuwakot
2. Bishal Nirman Sewa-Dikshya and Dilip Construction-Karnali Builders JV, Birendranagar-3, Surkhet
3. Shree Siundi Nirman Sewa, Hetauda -11, Makwanpur
4. K.R. Builders Pvt. Ltd., Birendranagar-10, Surkhet
5. Ankur Nirman Sewa Pvt. Ltd, Kathmandu-32
6. Civil Builders and Engineering Construction, Sainamaina Municipality, Rupandehi
7. K.K.J Nirman Sewa Pvt. Ltd-Dajuvai Nirman Sewa-JV, Chabhil,Kathmandu
8. Shaikumari Engineering Consultancy Pvt. Ltd., Aathbiskot -09, Rukum (West)
9. Sarmila Construction-M. K construction-Crystal Nirman Sewa JV, Kathmandau
10. Siddhi Bahan Nirman Sewa - Y.K. Construction JV, Jagatipur-11, Jajagarkot
11. B.C Nirman Sewa-Nagadesh Shree Nilbarahi Nirman Sew JV, Darmachaur-8, Salyan

**आयोजना प्रमुख**

# काभ्रेमा तीन हजारलाई अस्थायी आवास अनुदान

**काभ्रेपलाञ्चोक–** २०८१ असोजको विपद्मा आवाससमेत गुमाएका जिल्लाका पीडितहरूको अस्थायी आवास निर्माणका लागि सरकारले पहिलो किस्ताबापतको रकम उपलब्ध गराएको छ। जिल्लाका १३ स्थानीय तहका तीन हजार १२८ पीडितलाई पहिलो किस्ताबापत सात करोड ७९ लाख २५ हजार रूपैयाँ राहत उपलब्ध गराइएको हो।

दोस्रो किस्ताका लागि कार्यालयको खातामा निकासा भएको करिब चार करोड रूपैयाँ भने अधिकांश स्थानीय तहले माग नगर्दा थन्किएको अवस्थामा रहेको छ। दुई तहले मात्रै दोस्रो किस्ताको रकम कार्यालयसँग माग गरी पीडितलाई वितरण गरेको जनाइएको छ। सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठका अनुसार हालसम्म बेथानचोक र रोशी गाउँपालिकाले दोस्रो किस्ताबापतको रकम लगेका हुन्।

सरकारले पहिलो किस्तामा २५ हजार रूपैयाँ र दोस्रो किस्तामा २५ हजार रूपैयाँ गरी प्रतिघरपरिवार अस्थायी आवास निर्माणार्थ ५० हजार रूपैयाँ उपलब्ध गराउनेगरी कार्यविधि तयार गरेको थियो। कार्यालयका अनुसार दोस्रो किस्ताको रकम बेथानचोकले १९६ र रोशी गाउँपालिकाले ४६१ घरपरिवारलाई एक करोड ६४ लाख २५ हजार रूपैयाँ उपलब्ध गराएको छ।

## विपद्को एक वर्ष

पहिलो किस्ताबापतको अनुदान पाउनेमा धुलिखेल नगरमा ९०, बनेपामा ४१, पनौतीमा ६३४, पाँचखालमा, ८८, मण्डनदेउपुरमा १३३, नमोबुद्धमा ८८४ परिवार रहेका छन्। यस्तै चौंरीदेउराली गाउँपालिकामा २८०, खानीखोलामा ५३, रोशीमा ५४८, भुम्लुमा ४०, तेमालका १४१, बेथानचोकमा २३९ र र खानीखोलामा ५३ पीडित परिवार रहेका छन्।

यसैबीच २०८१ असोज दोस्रो साताको अविरल वर्षापछिको बाढीपहिरोबाट काभ्रेपलाञ्चोकमा क्षतिग्रस्त निजी आवासको विस्तृत क्षति आकलन (डिडिए) भइरहेको रहेको छ। क्षति आकलन सुरु गरिएको करिब छ महिनाको अवधिमा रोशी गाउँपालिकाको मात्रै डिडिए सकिएको जनाइएको छ। घटनाको एक वर्ष बितिसक्दा पनि विविध कारण क्षतिग्रस्त निजी आवास पुनर्निर्माण कार्य अलपत्र अवस्थामा रहेको हो। तर, हालसम्म पनि बाढीपहिरोबाट क्षति भएका निजी आवासको पूर्ण विवरण प्राप्त नहुँदा सरकारले निजी आवास पुनर्निर्माण कार्य अलपत्र अघि बढाउन नसकेको जनाइएको छ।

गत चैत अन्तिम साता जिल्लामा सबैभन्दा बढी जनधनको क्षति ब्यहोरेको रोशी गाउँपालिकाबाट निजी आवासको विस्तृत क्षति आकलन सुरु गरिएको थियो। तत्कालीन गृहमन्त्री रमेश लेखकले रोशी गाउँपालिका-२ नारायणटारबाट यसको सुरुआत गरेका थिए। स्थायी घर निर्माणका लागि सरकारको तर्फबाट क्रमशः अनुदान उपलब्ध गराउन जिल्लामा विस्तृत क्षति आकलनका लागि १८ जना प्राविधिक खटाइएको छ। निजी आवासको विस्तृत क्षति आकलनको सहजीकरणका लागि स्थानीय जनप्रतिनिधि तथा प्रमुख जिल्ला अधिकारीलाई विशेषरूपमा ध्यानाकर्षण गराइएको छ।

काभ्रेपलाञ्चोकको १३ स्थानीय तहमध्ये बढी जनधनको क्षति पुगेको नमोबुद्ध नगर, पनौती नगर, बेथानचोक गाउँपालिका, तेमाल, भुम्लु, खानीखोला, महाभारत गाउँपालिकालगायतका प्रभावित स्थानीय तहको भने विस्तृत क्षति आकलनको पूर्णतथ्यांक आउन नसकेको हो। *रासस*

# प्रदर्शनका घाइतेको उपचारका लागि 'जेन-जी क्लिनिक' सञ्चालन गरिने

**काठमाडौं (प्रस)–** सरकारले जेन-जी प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको उपचारका लागि काठमाडौं र उपत्यकाबाहिर 'जेन-जी क्लिनिक' सञ्चालन गर्ने भएको छ। प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिको पहिचान एवं सहज र प्रभावकारी उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत अस्पताल तोकी क्लिनिक सञ्चालन गर्न लागिएको गृह मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयले घाइते भएका व्यक्तिलाई तोकिएका अस्पतालमा सहजीकरण गर्न गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सम्पर्क व्यक्ति तोक्ने छ। घाइतेको वर्गीकरण गर्न उपचारमा संलग्न अस्पतालको विषयविज्ञ चिकित्सकको संयोजकत्वमा कार्यदल गठन गरी सम्बन्धित अस्पतालमार्फत कार्य प्रारम्भ गरिने मन्त्रालयद्वारा शनिबार जारी विज्ञप्तिमा उल्लेख छ।

घाइतेको पहिचान एवं सहज र प्रभावकारी उपचार व्यवस्थाका लागि यही असोज १२ गतेदेखि गृह मन्त्रालयमा सहायता कक्ष स्थापना गरी घाइतेलाई परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाइएको छ। यस्तै, घाइतेको उपचारमा स्वास्थ्य मन्त्रालयले सहजीकरण गर्ने जनाइएको छ।

पुनः जाँच (फलो-अप)मा जानुपर्ने घाइतेलाई आवतजावतका लागि स्वास्थ्य मन्त्रालय र सम्बन्धित अस्पतालले एम्बुलेन्स तोक्ने र सोको सम्पर्क नम्बर सार्वजनिक गर्ने तयारी भइरहेको छ। त्यसरी तोकिएका एम्बुलेन्समार्फत घाइतेले परिचयपत्रका आधारमा निःशुल्क अस्पताल आवतजावत गर्न सक्ने छन्। गत भदौ २३ र २४ गते धेरै जना घाइते भएका थिए। घाइतेमध्ये अझै केहीको विभिन्न अस्पतालमा उपचार जारी छ।


# Chaurpati Rural Municipality

## Office Of The Rural Municipal Executive

**Chaurpati , Achham**

**Invitation of Bids for the procurement of Works.**

**First date of publication:- 2082/06/12 Sep-28, 2025**

A Complete set of Bidding Documents and further information can inspected visiting the PPMO'S website www.bolpatra.gov.np/egp.

| SN | Contract No | Description of works | Estimated Amount (Exclusive of Contingency & VAT) | BID Security Amount (NRS) | BID Document Price (NRS ) |
|---|---|---|---|---|---|
| 1 | CRM/ACHHAM/ NCB/G/01/2082-083 | Procurement and Transportation of Medicine | 35,00,542.00 | 88,000.00 | 3000.00 |
| 2 | CRM/ACHHAM/ NCB/W/01/2082-083 | Construction of Radhakrishna Playground and Boundary Wall Chaurpati-04 Achham | 72,89,660.84 | 1,82,500.00 | 3000.00 |

**Chief Administrative Officer**

# Sunkoshi Rural Municipality

## Office of Rural Municipal Executive

**NOTICE OF INVITATION FOR BIDS**

**Date of Notice publication: 28th September 2025(2082/06/12)**

1) Sunkoshi Rural Municipality,Mulkharkha,Okhaldhunga invites electronic bids from eligible Nepalese bidders for the following works.

| SN | Contract no. | Name of Contract | Estimated Amount (without VAT & PS) | Bid security Amount | Bid Fee Amount | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 01/NCB/RCWORKS/ SRM/082/83 | Mulkharkha Swasthya Chouwki Jane Sadak Dhalan Yojana | 3298623.43 | 94000 | 3000 | |
| 2 | 02/NCB/BCWORKS/ SRM/082/83 | Falate Bhyanjyang Sidi Parkhal Nirman Tatha Bazzar Byabasthapan Ra Trust Nirman | 3384574.50 | 96000 | 3000 | |
| 3 | 03/NCB/RCWORKS/ SRM/082/83 | Mulkharkha Dule Bhootkhola Hudai Bandre Jodne Motorbato | 1597254.40 | 46000 | 1000 | |

| | |
|---|---|
| Date & Time for Deadline for Bid Submission | 2082/07/12 BS (2025/10/29 AD) till 12:00 noon |
| Date,Time & Place of Pre-Bid Meeting | 2082/07/02 BS (2025/10/19 AD) 07:00 AM at Sunkoshi Rural Municipality,Mulkharkha,Okhaldhunga |
| Date,Time & Place of Bid Opening | 2082/07/12 BS (2025/10/29 AD) 14:00 hours at Sunkoshi Rural Municipality,Mulkharkha,Okhaldhunga |
| For Bid Fee | Name of the Bank: Machhapuchchhre Bank Limited<br>Account name:: SUN GA. PA. AANTARIK RAJASWO GA-1.1<br>Account no. : **0950073610000031**<br>Rajaswa (Internal revenue) Shirshak no. : 14229<br>Office Code no.: 801011008 |
| For Bid Security | Name of the Bank: Machhapuchchhre Bank Limited<br>Account name:: SUNKOSHI GA.PA.DHARAUTI GA-3<br>Account no. : **0950073610000045**<br>Rajaswa (Internal revenue) Shirshak no. : 14229<br>Office Code no.: 801011008 |

2) Eligible Bidders may obtain further information at Office of Sunkoshi Rural Municipality, Office of Rural, Municipal, Mulkharka, Okhaldhunga, or may visit PPMO website www.bolpatra.gov.np/egp
3) If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4) Bidders have to submit their bid electronically through e-GP system of PPMO website:www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders.
5) The Employer reserves the right to accept or reject,wholly or partly. The employer reserves the right to accept or reject,wholly or party any reason,whatever.

**Chief Administrative Officer**

## साउदीमा रोजगार

कम्पनी : QAWS TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331671 | चलानी नं. ६०२४५४५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1500 | ५६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TOUCH, TASTE AND SWEETNESS FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०६/०७ | LT. No. 331749 | चलानी नं. ६०२४५४६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 2 | 0 | 1500 | ५६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४

Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : HAPPY TOWN FOR KIDS ENTERTAINMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331810 | चलानी नं. ६०२४५४२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ५६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 593/062/63

**KANCHAN HUMAN RESOURCES MANAGEMENT PVT. LTD.**

(Nearby International Airport, Next to Hotel Hema) Sinamangal-9, Kathmandu, Nepal

Telephone: 014564708, Mobile: 9851078211, 9851080486

# बिजुली बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा वडा नं.७, चावहिल, चुच्चेपाटी (टुसाल), काठमाडौं


फोन नं.: ४५९१४५०, इमेल: bijuligroup@gmail.com

**बिजुली बचत तथा ऋण सहकारी संस्था लि.का निम्न सदस्यहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना**

**प्रकाशित मिति: २०८२/०६/१२ गते**

यस सहकारी संस्थाका तपशिलमा उल्लेखित विवरण भएका सदस्यले सहकारी संस्थाबाट लिएको ऋण चुक्ता फछ्र्यौट गर्न पटक पटक लिखित तथा मौखिक रूपमा अनुरोध गर्दा समेत सहकारीलाई तिर्नु बुझाउनु पर्ने कर्जा साँवा ब्याज दै दस्तुर समेतको रकम चुक्ता फछ्र्यौट नगरेको हुनाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सर्म्पूण सावाँ व्याज दै दस्तुर समेतको रकम चुक्ता गर्न पुनः यसै सूचना मार्फत ऋणी सदस्यहरूलाई जानकारी गराइन्छ। अन्यथा सो कर्जा लिने दिने सम्बन्धमा भएको सम्झौता बमोजिम बाँकी बक्यौता रकम असुल उपर गर्नको लागि सहकारी ऐन कानूनीमा व्यवस्था भए बमोजिम कारवाही गरी असुल उपर गर्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

**तपशिलका ऋणी सदस्यहरू**

| क्र.सं. | ऋणीको तिन पुस्ते विवरण | ऋणीको फोटो | ऋणीको ठेगाना | जमानीकर्ताको तिनपुस्ते विवरण |
|---|---|---|---|---|
| १ | **ऋणीको नामः– इच्छा बहादुर निरौला**<br>बुवाको नामः- बलबहादुर निरौला<br>बाजेको नाम- दलखम्बा निरौला<br>नागरीकता नं.३६७१३/३६<br><br>**ऋणीको नामः– टेक बहादुर राना**<br>बुवाको नामः- डिल बहादुर राना<br>बाजेको बाजेको नाम- बृद्धि बहादुर राना<br>नागरिकता नं.१०१२६१/१७९५ | <br> | इलाम जिल्ला, फाकफोक गा.वि.स. वडा नं. १<br>सिन्धुली जिल्ला, पुरानोझाँगाझोली गा.वि.स. वडा नं. ५ | |
| २ | **ऋणीको नामः– दिप बहादुर राई**<br>बुवाको नामः- तिलक ध्वज राई<br>बाजेको नाम- दल बहादुर राई |  | जिल्ला खोटाङ, महादेवस्थान गा.वि.स. वडा नं ३<br>ना.प्र. नं .१२१०४६/३६४ | **नामः- मिना राई**<br>बुवाको नामः- सेरबहादुर राई<br>बाजेको नाम- जशजित राई<br>ना.प्र. नं .१२१०४६/१०२<br>जिल्ला खोटाङ, महादेवस्थान गा.वि.स. वडा नं ९ |
| ३ | **ऋणीको नामः– गणेश बहादुर तामाङ्ग**<br>बुवाको नामः- बीर बहादुर तामाङ्ग<br>बाजेको नाम- धन बहादुर तामाङ्ग |  | जिल्ला सिन्धुली, रानीचुरी वड नं. ४<br>ना.प्र. नं .२०/०१/७१/१२१८ | **नामः– सुवास शाही**<br>बुवाको नामः- गोपाल बहादुर शाही<br>बाजेको नाम- शंखर बहादुर शाही<br>ना.प्र. नं .४२७७०<br>जिल्ला दोलाखा, सुन्द्रावती गा.वि.स. वडा नं ०५ |
| ४ | **ऋणीको नामः– लक्ष्मी बहादुर शाही**<br>बुवाको नामः- भिम बहादुर शाही<br>बाजेको नाम- जगत बहादुर शाही |  | जिल्ला काठमाडौं, का.म.पा. वडा नं. १७<br>ना.प्र. नं .४२७७० | **नामः– भिम बहादुर शाही**<br>बुवाको नामः- जगत बहादुर शाही |
| ५ | **ऋणीको नामः– फुटी शेर्पा**<br>बुवाको नामः- आङ्गदावा शेर्पा<br>पतिको नामः कामी छिरिङ्ग शेर्पा<br>बाजेको नामः वाङदी शेर्पा<br>ससुरा बाजेको नाम- नाङगेल शेर्पा |  | जिल्ला सिराहा, चन्द्रयोपुर वडा नं ५<br>ना.प्र. नं .४४९०-४१-१५ | **नामः तेन्जीङ शेर्पा**<br>बुवाको नामः कामी छिरीङ्ग शेर्पा<br>बाजेः तेन्छोङ शेर्पा<br>ना.प्र. नं .१७६०४<br>जिल्ला काठमाडौ, महानगरपालिका, वडा नं.७ |
| ६ | **ऋणीको नामः– पंकज मेहेता**<br>बुवाको नामः- राम सागर मेहेता<br>बाजेको नाम- सुकदेव मेहेता |  | जिल्ला सुनसरी, भोक्राहा गा.वि.स. वाड नं. ३<br>ना.प्र. नं .०६१०३६-१६८६३४ | **नामः– राकेश मेहेता**<br>बुवाको नामः- सन्त कुमार मेहेता<br>बाजेको नाम- सत्यनारायण मेहेता<br>ना.प्र. नं .४४९०-४१-१५<br>जिल्ला सुनसरी, इनरुवा न.पा. वडा नं ७ |
| ७ | **ऋणीको नामः– कुवेर छाग्डछा दुमीहाङ** राई बुवाको नामः- पदम बहादुर राई<br>बाजेको नाम- मान बहादुर राई |  | जिल्ला भोजपुर, केउरेनीपानी गा.वि.स. वडा नं. ३<br>ना.प्र.नं.४११५/२७७/२४२ | **नामः प्रेम बहादुर राई**<br>बुवाको नामः रिपुधन राई<br>बाजेको नामः रञ्जीत मान राई<br>१५६९/१२९४०/३६०८<br>जिल्ला भोजपुर, गा.वि.स. केउरेनीपानी वडा नं ०९ |
| ८ | **ऋणीको नामः– विनुप महर्जन**<br>बुवाको नामः- बावुराजा महर्जन<br>बाजेको नाम- माइला महर्जन |  | जिल्ला काठमाडौं, का.म.पा. वडा नं. ८<br>ना.प्र. नं .१०६०/९०२४७ | **नामः- निश्चल महर्जन**<br>बुवाको नामः- बावुराजा महर्जन<br>बाजेको नाम- माइला महर्जन<br>जिल्ला काठमाडा , का.म.पा. वडा नं. ८ |
| ९ | **ऋणीको नामः– अनिस गौतम**<br>बुवाको नामः- बुद्धिनाथ गौतम<br>बाजेको नाम- चन्द्रलाल गौतम |  | जिल्ला काठमाडौं, महाँकाल गा.वि.स. वडा नं ९<br>ना.प्र. नं . २७/०१/७१/०३२७८ | **नामः संजिव कटुवाल**<br>बुवाको नामः बावुराम कटुवाल<br>बाजेको नामः गणेशमान कटुवाल<br>ना.प्र. नं .१३१०१०-१८४<br>जिल्ला ओखलढुङ्गा, ठुलाछाँप गा.वि.स. वडा नं ०८ |
| १० | **ऋणीको नामः– मित्रराज मल्ल**<br>बुवाको नामः- गगन बहादुर मल्ल<br>बाजेको नाम- मिन बहादुर मल्ल |  | जिल्ला दैलेख, नराह गा.वि.स. वडा नं ३<br>ना.प्र. नं .१०४३२६/१८८१ | **नामः– कल्पना राई**<br>बुवाको नामः- गजुरमान राई<br>बाजेको नाम- शिवराज राई<br>ना.प्र. नं .१४०३४५/११६०/२८८९<br>जिल्ला खोटाङ, दिर्चुल गा.वि.स. वडा नं ०५ |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# निर्णयमा सीमित नहोस् पूर्वविशिष्टको सुविधा कटौती

सरकारले सांसद र प्रदेश सांसदहरूको स्वकीय सचिव सुविधा खोसेलगत्तै पूर्वप्रधानमन्त्रीलगायत पूर्वविशिष्ट राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधा खोस्ने भएको छ । शुक्रबार अर्थ मन्त्रालयले यस्ता सुविधा खोस्न रक्षा र गृह मन्त्रालयलाई पत्रचार गरेको हो । यो निर्देशन गएलगत्तै राष्ट्रिय सभाका पूर्वअध्यक्ष गणेश तिमिल्सिनाले सरकारी सवारीसाधन फिर्ता गरेका छन् । अर्थ मन्त्रालयबाट गएको निर्देशनअनुसार अब पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्रीले प्रयोगमा ल्याएका सवारीसाधन फिर्ता गर्नुपर्ने छ । यसैगरी उनीहरूका सुरक्षामा खटिने सुरक्षाकर्मी पनि फिर्ता गर्न निर्देशन दिइएको छ । यसैगरी सेना र प्रहरीका अवकाशप्राप्त हकिमका घरमा पठाएका सुरक्षाकर्मी पनि फिर्ता गर्नुपर्ने छ ।

अहिले लोकेन्द्रबहादुर चन्ददेखि खिलराज रेग्मीसम्म गरी सात जना पूर्वप्रधानमन्त्री छन् । उनीहरूले सवारीसाधनदेखि सुरक्षाकर्मीको सुविधा लिइरहेका छन् । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी प्रत्यक्ष राजनीतिमा आउन भन्दै सरकारी सेवासुविधा त्यागिसक्दा पूर्वराष्ट्रपति रामवरण यादवले भने कायमै राखेका छन् । पूर्वउपराष्ट्रपति परमानन्द झा र नन्दकिशोर पुनको सेवा सुविधा कायमै छ । यसैगरी पूर्वसभामुख, सेनाका पूर्वप्रमुख, नेपाल प्रहरी र सशस्त्रका पूर्वप्रमुखहरूले पनि सरकारी सेवासुविधा लिन छाडेका छैनन् ।

अन्तरिम सरकारले पूर्वभिआइपीहरूको सुविधा कटौती गर्न निर्देशन दिएर निकै प्रशंसनीय कदम चालेको छ । मन्त्रिपरिषद्बाट निर्णय गर्दै भिआइपीहरूको सुविधा बढाउने नीति अघिल्ला सरकारहरूले गर्दै आएको हो । यसले एक त देशको अर्थतन्त्रमाथि भार थपिरहेको छ भने अर्को भिआइपीले प्रदर्शन गर्ने व्यवहारका कारण पनि जनता आक्रोशित छन् । त्यसैले यसखालका सुविधाहरू कटौती हुनुपर्छ र राज्यको दोहन रोकिनुपर्छ । सरकारले सस्तो लोकप्रियताका लागि पत्र काट्ने तर सुविधा फिर्ता नहुने पुरानै रोग बल्झाउनु भएन । किनभने यसखालका निर्णयहरू पहिले पनि भएका थिए, तर कार्यान्वयन गराउनमा भने सरकार पछि हटेको थियो । सरकारले हरेक विशिष्ट र पूर्वविशिष्टलाई के कस्ता सुविधा दिने भन्ने विषयमा प्रस्ट नीति बनाउन जरुरी छ ।

विशिष्टहरूलाई सुरक्षाकर्मी खोस्ने विषयमा भने सरकारले पुनर्विचार गर्नुपर्छ । किनभने राज्यका विशिष्ट पदाधिकारीलाई उपलब्ध गराउने सुरक्षाकर्मी खाली ती पूर्वपदाधिकारीको सुरक्षाका लागिमात्र हैन । अन्य कारणले पनि राख्न उपयुक्त हुन्छ । त्यसैले यस्ता विषयमा सरकारले प्रतिशोधको रूपमा वा सार्वजनिक खपतका लागि नभई दीर्घकालीन सोचका साथ निर्णय गर्न जरुरी छ । सेवासुविधा कटौतीमा भने निर्मम भएर अघि बढ्दा देश र जनता दुवैलाई लाभदायक हुने छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# प्राकृतिक पर्व दसैं-तिहारसँगै मनाइने जात्रा-पूजा



■ पदम श्रेष्ठ

> बूढापाकाहरू अहिले पनि भन्छन्- गर्मीका कारण आश्विनमा सारिएको हो, दसैं । तर नेपाली हावापानी सुहाउँदो प्राकृतिक पर्व दसैं तिहारको मूल मर्ममा भूल परेको छ । हुन पनि चैत, वैशाख, जेठमा हावाहुरीले दुःख दिने, असार, साउन र भदौमा बाढीपहिरो र बर्षातले सताउने, मंसिर, पुस र माघ महिनामा जाडोले कठ्यांग्रिने नेपाली हावापानीको स्वभाव हो । यस्तो उपद्रवबाट बच्दै ठूलो रोगव्याधि, दुःखबाट पार पाएको खुसियालीमा आश्विन-कार्तिकको ऋतुराज शरदमा नेपालीले दसैं र तिहार मनाउन थालिएको हो ।

आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइने दसैं र कार्तिक कृष्ण त्रयोदशीदेखि द्वितीयासम्म पाँच दिनको चाड तिहार प्राकृतिक आधारमा एकै मानिन्छ । विशेषतः दसैं वर्षमा चार पल्ट मनाइन्छ । चैत्र शुक्ल प्रतिपदादेखि रामनवनमीसम्म चैते दसैं, माघ शुक्ल प्रतिपदादेखि दशमीसम्म माघे दसैं, आषाढ शुक्ल प्रतिपदादेखि दशमीसम्म हिले दसैं, आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म बडादसैं । तर चैते दसैं र बडादसैं विशेष किन ?

बूढापाकाहरू अहिले पनि भन्छन्- गर्मीका कारण आश्विनमा सारिएको हो, दसैं । तर नेपाली हावापानी सुहाउँदो प्राकृतिक पर्व दसैं तिहारको मूल मर्ममा भूल परेको छ । हुन पनि चैत, वैशाख, जेठमा हावाहुरीले दुःख दिने, असार, साउन र भदौमा बाढीपहिरो र बर्षात्ले सताउने, मंसिर, पुस र माघ महिनामा जाडोले कठ्यांग्रिने नेपाली हावापानीको स्वभाव हो । यस्तो उपद्रवबाट बच्दै ठूलो रोगव्याधि, दुःखबाट पार पाएको खुसियालीमा आश्विन-कार्तिकको ऋतुराज शरदमा नेपालीले दसैं र तिहार मनाउन थालिएको हो ।

### घटस्थापनादेखि पूर्णिमासम्म दसैं

नेवारहरू दसैंलाई मोहनी र तिहारलाई स्वन्ति भन्छन् । दसैंको पहिलो दिन घटस्थापना (नलास्वनेगु) द्योछेंमा नदीको बालुवा ल्याएर चोखो जौ, तिल, मकै, गहुँको जमरा राखिन्छ । काठमाडौंको हनुमानढोका र तलेजु घरमा जमरा राखी भोलिपल्टदेखि नवरथा घुम्न जाने परम्परा छ ।

काठमाडौंमा अष्टमातृका

भद्रकाली (लुमडी), संकटा, महांकाल, शोभा भगवती, इन्द्रायणी, (लुतिमरु अजिमा), नक्साल भगवती, मैतीदेवी, कालिकास्थान, टुँडालदेवी (तोणँ अजिमा) दक्षिणकाली पुग्ने गर्दछन् । ललितपुरका १० महाविद्याः महादेवी, भैरवी, पूर्णचण्डी, मातंगी, तारा, बंगलामुखी, त्रिपुरासुन्दरी, भुवनेश्वरी, धुमावती र छिन्नमस्ता । भक्तपुरमा नवदुर्गाः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीलाई पुज्ने र पञ्चबलि (हाँस, कुखुरा, भेडा, बोका र राँगा) दिइन्छ । कुमारीलाई मूलमानी घरको मूल ढोकामा पुजिन्छ दसैंमा ।

### पचिम्ह्र (आश्विन शुक्ल पञ्चमी)

कलिसंवत् ३८२५ मा राजा गुणकामदेवले काठमाडौं नगर म्हेपीलाई मञ्जुश्री खड्गको शिर र पचलीलाई बिँड बनाई स्थापना गरे । फर्पिङका राजा मानिने पचलीभैरव प्रत्येक दिन टेकुस्थित नईअजिमा (खड्गी कन्या) सँग प्रेमालाप गर्दै रात बिताउँथे । एक दिन अभिभावकले थाहा पाई कुटपिटपछि पचली-झाडीमा फयाँकिदिए छ । जहाँ प्रत्येक वर्ष दसैंको पञ्चमीका दिन तामाको घ्याम्पोमा खड्गधारी त्रिशूल, ढाल, बिन्दु मुद्रासहितको भैरवजात्रा गरिन्छ । टाउकोमा बुद्ध अंकित तर घ्याम्पोभित्र जाँड, रक्सी भरी कोंचाद्यो जात्रा गरिन्छ । जात्रा दलाछीं, बकछें (इनाखा), यंगाल, न्हुघः, नायापाच्वःका ज्यापूहरूले पालैपालो बर्सेनि चलाउँछन् ।

### फूलपाती

दसैंको सप्तमीका दिन गोर्खा दरबारबाट मगर समुदायले बोकी हनुमानढोकाभित्र नवपत्रिका (केरा, कल्चु, हलेदो, वैजयन्ती, बेल, दारिम, अनार, अशोक, माना, पिँडालुको बोट, पात र धानकोबाला) तरिकासँग बोकेर फूलपाती भित्रचाउने र टुँडिखेलमा राष्ट्रप्रमुखको उपस्थितिमा फूलपाती बढाइँ गरिन्छ ।

### महाअष्टमी (कुछिभोय्)

आश्विन शुक्ल अष्टमीका दिन मूल दसैं नुहाइधुवाइ शुद्ध चोखो भई समयबजी (समय, चिउरा, कालो भटमास, छोयला, गोजा) आदि राखेर पेखालुखा (घरको मूल ढोकाअगाडिको पृथ्वी), गणेश (गणशक्ति) र पञ्चबुद्ध पूजा गरिन्छ । थापँ पूजापछि साँझ नेवारहरू केराको पातमा कुछी भोय् (दुई माना चिउरा), नौ थरी घासा ( राँगाको मासु, बोडी, साग, आलु, अचार) राखी भोज खाइन्छ । दुई माना खान नसक्नेले मानामा कागज कोच्छन् ।

### मरूगणेश जात्रा

कुछिभोय् (अष्टमी) देखि असन चालङ्सम्म हुने, मरुगणेश जात्रा राजा लक्ष्मीनरसिंह मल्लले काष्ठमण्डप निर्माण गर्नुअघि जामन गुभाजुले बौद्ध पद्धतिमा देवन्यासगरी चलाएको आख्यान छ । एक समय असन अन्नपूर्ण देवीस्थित अस्वाँ रुख (अशोकारिष्ट) को हाँगा मरुगणेशसम्म फैलिएको हुँदा अन्नपूर्ण र मरुगणेशलाई आमाछोरा मानिन्छ । तहविल चोकका धमना सायमिले मरुमा गजुर लगाउँदा अशुभ भएपछि क्षमाअष्टमी जात्रा थालिएको हो ।

### नोचा गुथिको पूजा

साँझ नाय्खिं बाजाले थकाली ल्याएपछि द्योछेंबाट देवता खटमा प्रतिष्ठापित गराइन्छ । थकालीले ताय, अम्बा, केरा, मुला, फूलमालासहित तीनवटा बोका बलि दिएपछि खटलाई कुमारी रथारोहण गर्ने मार्ग थने र कोनेमा घुमाउँछन् । मध्यराति मरु यज्ञकुण्डमा ३२ थरी अन्न होम र राँगा बलि नवमीमा दिइन्छ ।

### महानवमी (स्याक्वत्याक्व)

कौलाथ्व नवमी (नवमी) लाई दसैंको मूल कालरात्रि भनी महालक्ष्मी, सरस्वती, महाकाली पूजा हुन्छ । अन्न, धन, शास्त्र (अर्थ, ज्ञान र शक्ति) स्थिरताका लागि देवीलाई कुखुरा, हाँस, बोका, राँगा, च्याङ्ग्रा बलि दिइन्छ । संस्कारअनुरूप वज्र, घण्टा, ताला, पुस्तक, अन्न, कुटो-कोदालो थापना गरी माकःचामा मोहनी (कालो टीका) थापिन्छ । मोहनीको अर्थ कालो टीका थापी तन्त्र साधना गर्नु नै हो । यस दिन कारखाना, पसल, मेसिन, सवारीसाधनलाई बलि दिएर पुजिन्छ । काठमाडौंको हनुमानढोकास्थित तलेजु मन्दिर भक्तजनका लागि खुल्ला गरिन्छ । भक्तपुरको नवदुर्गामा विधिवत् पूजालगतै जाँड रक्सी खुवाएर मातेको राँगालाई लखेटी-लखेटी ब्रह्मायणी पुऱ्याएर वध गरिन्छ । सोही राँगाको अस्थिपञ्जर जोडेर पूजा जात्रा गर्ने अलौकिक संस्कार हुन्छ यहाँ ।

### दसैंको पायोजात्रा र तलेजुमा राँगा बलि

शक्ति साधक नेवार आफ्नो शरीरमा आफैंले देवता चढाइ मनोकांक्षा पूरा गर्दछन् । यसका लागि काठमाडौंको हनुमानढोका, भक्तपुर र पाटन तलेजुबाट पायो जात्रा निकालिन्छ । पायो, खड्ग जगाउने आगम र निगमतन्त्रको गुढ विधि हो । यसदिन हनुमानढोका तलेजु चोकमा १०८ वटा राँगा, बोका बलि दिइन्छ । खड्ग हातमा लिई तलेजु आगमघरबाट निकालिँदा खड्गधारी व्यक्तिमा देवता चडिरहेको हुन्छ । कथानुसार राजा गुणकामदेवले पीठ जगाउन पायोजात्रा थालेका हुन् । भक्तपुरमा भने राजा हरिसिंहदेवले तलेजुबाट पायोजात्रा निकालिएको हो । पायो दर्शनले अष्टमहाभयबाट मुक्ति पाइन्छ भन्ने विश्वास गरिन्छ ।

### दशमी टीका (विजयादशमी) देखि पूर्णिमासम्म

आश्विनशुक्ल दशमी (कौलाथ्व)का दिन बिहान नित्यपूजा चोखोनितोगरी घटस्थापना (थापं) का दिन राखिएको जमरा घरको मूली महिलाले (थकालीनकींले) पूजा गरी निकाल्छन् । यसदिन आगमबाट, रातो वस्त्र लगाई कुमारी, पहेँलो वस्त्र लगाई बसुन्धरा, सुन्तला रङका लुगा लगाई अजिमाँ र नीलो लुगा लगाएर भैरवी पायो निकालिन्छ । असन पायो भने एकादशीका दिन निकालिन्छ । विजया दशमीका दिनदेखि मान्यजनका हातबाट टीका थाप्ने कार्य आश्विन पूर्णिमासम्म रहन्छ । मातृशक्तिको उपासनाका दिनका रूपमा लिइने दशमीको भोलिपल्ट मरुगणेशलाई देवताघरमा राखि खटजात्रा गरिन्छ । आश्विनशुक्ल चतुर्दशीका दिन काठमाडौंको श्रीघःमा दीपावली र पूर्णिमाको साँझ मर्त्यमण्डलमा घुम्न आउने महालक्ष्मी पूजाका लागि रातभर आकाश दीप बालिन्छ ।

### वैदिक दसैं

त्रेतायुगका श्रीरामद्वारा आफ्नी पत्नी सीता हरण गर्ने रावण वधको खुसीयालीमा बलिरहित दसैं मनाउँछन् । यिनीहरूमा रावणको पुतला बनाई जनसमुदायका माझ बारुदद्वारा पड्काएर अन्त्य गरी खुसी साटिन्छ ।

### अस्त्र परित्याग दिवस

*सब्बेतसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो ।*
*उत्तानंउपमंकुत्वा-नहनेयचनधातिया ।*
*दण्ड देखेर सबै डराउँछन्, मृत्युबाट सबै भयभित हुन्छन्,*
*यसैले सबैलाई आफूसमान सम्झेर मार्ने नगर ।*

यसदिन अशोक सम्राट जसले सत्ताका लागि ९९ जना दाजुभाइको हत्या गरे । जसको पश्चात्तापमा आश्विन पूर्णिमाका दिन शस्त्र परित्याग गरी सम्पूर्ण जनमा हिंसा भयबाट मुक्त गरे । यशु जन्मनु तीन शताब्दीअघि अशोकले आफू सम्राट बन्नका लागि कलिंगको युद्धमा एक लाखभन्दा बढी जनको हत्या गरे भने डेढ लाख जनालाई कैदी बनाए तर अशोकले बुझे- रगतको दाग रगतले कहिल्यै मेटिन्न । फलस्वरूप बुद्ध धर्ममा दीक्षित भई विश्वभर ८४ हजार बौद्धचैत्य स्थापना गरे ।

### तराईमा दुर्गापूजा

तराई र भारतको विहारमा दसैंमा माटोको दशहाते दुर्गाको मूर्तिलाई हर्षोल्लासपूर्वक पूजा गरी भोलिपल्ट सिन्दूरजात्राका साथ नदीमा सेलाइन्छ । सुन्दर सिर्जनाहरू एक दिन अन्त्य हुन्छ भन्ने सन्देश दिन मूर्ति सेलाइन्छ ।

### दसैं र गणनृत्य

दशमीको रातदेखि भक्तपुर नवदुर्गागणनृत्य नयाँ मुकुण्डोसहित नचाइन्छ । पशुपति, हनुमानढोका, पाटन दरबार, बनेपा, पनौती क्षेत्रमा । राजा शिवदेवको राज्यकालमा भक्तपुरबाट पशुपति क्षेत्र जहाँ नौ शिवलिंग, नौ कुण्ड, नौ डबली, नौ टोल, नौ जातका नेवार रहेको राजराजेश्वरी घाटनेर उज्यालो भएपछि सोही स्थानमा नवदुर्गा द्योछें निर्माण गराए छ । यी दुवै नवदुर्गास्थलमा पुरानो देवीगण मूर्ति बनाउनुपऱ्यो भने भलभल अष्टमीका दिन नै बनाइन्छ । पाशुपतक्षेत्रमा १२ वर्षको एकपल्ट दसैंमा ललितपुरको हरिसिद्धि गणनृत्य, ठिमी बोडेको नीलवाराही नचाइन्छ । गणनृत्यमा चार भैरव, चार वाराही, चार देवी, कंकाल, ख्याकको नृत्य हुन्छ ।

### बाह्र र पाँच वर्षे खड्गसिद्धि गथुप्याखँ

प्रत्येक पाँच वर्षमा मखन तारणी बहाल सिंहदोबाटोमा भद्रकालीसँग र १२ वर्षमा काष्ठमण्डप भूतिसः अगाडि राष्ट्रप्रमुख र किराँती राजाका वंशज गथुमाली पचलीभैरवसँग खड्ग साट्ने दसैंको मौलिकताभित्र पर्दछ ।

राजा गुणकामदेवद्वारा कलिगत संवत् ३८२५ (इ.सं.७२४)मा काठमाडौं नगर व्यवस्थित गर्दा पचलीलाई बिँड र म्हेपीलाई शिर गरी मञ्जुश्रीको खड्गाकार बनाएका थिए । अष्टमातृकामध्ये भद्रकाली र पचलीबाट विघ्न नहोस् भनी राष्ट्रप्रमुखले खड्ग साट्ने कथन छ । गथुप्याखँमा गणेश, भैरव, मनमैजु, धुम्बा, सिम्बा, भद्रकाली, दुरूपति, कंग अजिमाँ, वाराही र पचली १२ देवीगणको एक वर्ष टोल-टोलमा गणनृत्य हुन्छ । स्व. २०५५ मा स्व. राजा वीरेन्द्र र २०६० को दसैंमा राजा ज्ञानेन्द्रसँग खड्गसिद्धि लिए । देवीगणहरू जामा, मुकुण्डो गहना पहिरनमा, हातमा हतियारसहित उपस्थित हुन्छन् भने दुरूपतिबाहेक सबै देवगणले बलिको रगत काँचै पिएको देख्दा अनौठो अनुभूति हुन्छ । पचलीभैरवको गणनृत्य सुरूमा राजोपाध्याय पूजारीले गर्थे रे । एक दिन फूल पुऱ्याउने मालीको शरीरमा पचली प्रवेशगरी अबदेखि गथुवंशकै नेतृत्वमा गणनृत्य चलाउनु भनेदेखि- गथु प्याखँ गुठीको प्रबन्ध र राज्यबाट आवश्यक व्यवस्था हुँदै आइरहेको पाइन्छ ।

### दसैं-तिहार र चंगा

चंगा उडाउन केटाकेटी उत्सुक हुन्छन् तर युवायुवती र वृद्धवृद्धालेपनि उडाएमा शारीरिक स्फूर्ति प्राप्त हुन्छ । चंगा उडाउनाले कतिपय मानसिक रोग निको हुने विश्वास गरिन्छ । नेपाल भाषामा भुटुमाली, हिन्दीमा गुड्डी, पतंग भनिने चंगाको आविष्कार चीन भएको मानिन्छ । चंगा उडाएपछि पानी पर्न रोकिने मान्यता छ । चंगा उडानमा युवायुवतीको सहभागिता बढदै छ । चैत-वैशाखमा अत्यधिक गर्मी हुने, बढी वेगले हावा बहने, बर्षात्मा पानी पर्ने कारण चंगा उडाउने गरिँदैन । शरद ऋतु चंगा उडाउनका लागि उपयुक्त कारण दसैं-तिहारमै चंगा उडाउने परम्परा बसेको हो । चंगा मनोरञ्जनका लागि भनिए पनि चीनमा दुष्टआत्मा धपाउने प्रयास मानिन्छ । नेपालमा चंगा वास्तुकलाविद् अरनिकोले चीनबाट भित्र्याएको कथन छ ।

## पाठक मञ्च

# सेनाको भूमिकामाथि उठेको प्रश्न

२०७९ वैशाख ३० गते स्थानीय तह र मंसिर ४ गते प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचन भयो । त्यतिबेला नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री थिए । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागबाट गुप्तचर खटाएर चुनाव गराइएको थियो । गत भदौ २३ र २४ गतेको जेन-जी विध्वंसपछि भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री नियुक्त भइन् । नियुक्तिलगत्तै उनले प्रतिनिधिसभा विघटनका निम्ति राष्ट्रपति रामचन्द्र पौडेललाई सिफारिस गरिन् । र, राष्ट्रपति पौडेलले संसद् विघटन गर्दै आउँदो फागुन २१ गते निर्वाचन मिति तोके । सुशीला नेतृत्वको क्याबिनेटमा शिक्षामन्त्री डा.महावीर पुन छन् । उनले सुरक्षाकर्मी चाहिँदैन, मेरो अघिपछि हिँड्नु पर्दैन भनी सुरक्षाकर्मीलाई पनि निर्देशन दिइसके । यतिमात्र होइन, उनी मन्त्रालयमै खान्छन्, सुत्छन् । पुनबाहेक अन्य मन्त्री वा प्रधानमन्त्री बाहिर जाँदा वा कार्यालयमै बस्दा पनि सुरक्षाकर्मीको घेरामा बस्छन् । उनीहरूलाई अघिपछि सुरक्षाकर्मीले घेरेको हुन्छ ।

आमसर्वसाधारण राष्ट्रपति पौडेलसँग माग गर्छन्, 'आउँदो चुनावमा नेपाली सेना खटाउनु पर्दैन । सशस्त्र र प्रहरी भए पुग्छ ।' उनीहरूको सुरक्षाले नै धान्छ । जनता पनि आफ्नो सुरक्षा आफैं गर्न सक्छन् । जेन-जी विध्वंसमा मुलुककै प्रमुख प्रशासकीय केन्द्र सिंहदरबारसहित संसद् भवन, सर्वोच्च अदालत, शीतलनिवास, प्रधानमन्त्रीनिवास, मन्त्री क्वार्टर, प्रहरी भवन, स्थानीय तहका भवन, निजी घर तथा व्यापारिक केन्द्रलगायत जलेर खरानी बनेको छ ।

केवल भवनमात्र जलेन, नेपाल र नेपालीको इतिहास जल्यो, अस्तित्व र पहिचान खरानी बन्यो । सदियौंदेखि हामीले गौरव गर्दै आएको पहिचान मेटियो । सिंहदरबार भवनमात्र थिएन, नेपालीको इतिहास, अस्तित्व र पहिचान थियो । जुन अहिले खरानी र खण्डहरमा परिणत भएको छ । यसले नेपाललाई सदियौं वर्ष पछाडि ढलेको छ ।

आन्दोलनमा ७५ जनाले ज्यान गुमाए, हजारौं घाइते, अंगभंग भएका छन् भने कयौं बेपत्ता छन् । देश जलिरहँदा, जनता मरिरहँदा सर्वसाधारणले तिरेको करबाट तलबभत्ता, मासुभात खाने सेना ब्यारेकभित्र रमिता हेरेर बस्यो । नेपाल खरानी भएको टुलुटुलु हेरेर बस्यो । यदि सेना समयमै खटिएको भए यत्रो सरकारी, सार्वजनिक र निजी सम्पत्ति जल्दैन्थ्यो । न त यति धेरैले ज्यानै गुमाउँथे ।

जनताले अब सेना चाहिँदैन, हामी सेना पाल्न सक्दैनौं भनिसकेका छन् । तत्कालीन राजा वीरेन्द्रको सुरक्षाको जिम्मेवारी सेनाले लिएको थियो । तर, सेनाको सुरक्षामै रहँदा ०५८ जेठ १९ गते राजपरिवार हत्या भयो । राजा वीरेन्द्रको वंश नै सकियो ।

०५२ फागुन १ गते माओवादीले जनयुद्ध सुरु गऱ्यो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले जनताको सुरक्षाका निम्ति सेना परिचालन गरे । तर, १० वर्षे जनयुद्धमा १७ हजार जनताले ज्यान गुमाए । माओवादीसँग पनि सेनाले हाऱ्यो । आत्मसमर्पण गऱ्यो । त्यसपछि मुलुकबाट राजतन्त्रको अन्त्य र लोकतन्त्र गणतन्त्रको स्थापना भयो ।

नेपाली सेनाप्रति जनताले निकै विश्वास र गौरव गर्दै आएका थिए । सेना हाम्रै लागि हो भन्ने विश्वास जनतामा थियो । दुर्भाग्य, जेन-जी विध्वंसमा सिंहदरबारसहित सार्वजनिक सम्पत्ति खरानी भएसँगै सेनाप्रतिको जनविश्वास पनि गुमेको छ । किनकि सेना एकपटक होइन, दुईपटक होइन, पटक-पटक चुक्यो । र, जनता चुक्दा देश र जनताले धेरै गुमाउनुपरेको छ । राजदरबार हत्यादेखि जेन-जी विध्वंशसम्म आइपुग्दा जनताले सेनाले भूमिका छर्लंग देखे । सेना कसको लागि रहेछ ? भनेर जनताले प्रश्न उठाइरहेका छन् ।

- **रुषा थापा**, भक्तपुर

# चिटिक्क पारिँदै गाउँका घर



■ कमल खत्री

**म्याग्दी (बेनी)**– दसैं नजिकिएसँगै गाउँघरमा चाडपर्वको रौनक बढेको छ । नेपालीले दसैं-तिहारलगायतका पर्वलाई विशेष महत्त्व दिने भएकाले रोजगार, व्यवसाय र अवसरका लागि देश विदेश पुगेकाहरू गाउँ फर्कन थालेका छन् । अधिकांश समय सुनसान भएका गाउँघरमा दसैंको आगमनसँगै उल्लास छाउन थालेको रघुगंगा गाउँपालिका-७ का चिमखोलाका कायाम रोकाले बताए ।

प्रवासमा रहेकाले चाडपर्व मनाउन छुट्टी लिएर आउने र विद्यालय तथा कार्यालयमा बिदा हुने भएकाले अन्य समयको तुलनामा दसैं-तिहारको समयमा गाउँघरमा जमघट बढी हुने उनको भनाइ छ । रोजगार, शिक्षालगायतका लागि युवा विदेश र सहरी क्षेत्रमा जाने प्रचलनका कारण पछिल्लो समय म्याग्दीका ग्रामीण भेगमा बुढापाका मात्रै बसोबास गर्छन् ।

चाडपर्व मनाउन वर्षमा कम्तीमा एक पटक गाउँ फर्कने भएकाले यो समय गाउँघर गुञ्जायमान हुने गर्छ । चाडपर्वलाई लक्षित गरेर गाउँघर सरसफाइले चिटिक्क परेका छन् । परम्परागत ढुंगे घरमा कमेरो र रातो माटोले पोतिएका छन् भने ढलान, प्लास्टर गरी निर्माण भएका पक्की घरमा रंगरोगन गरिएका छन् । चाडपर्व मनाउन युरोपियन मुलुकबाट बिदामा घर आउनुभएका धवलागिरि गाउँपालिका-६ का खड्क पुनले लामो समयपछि गाउँ फर्कंदा चाडपर्वको रौनकले प्रवासका दुःख र अत्यासलाई मेटाइदिएको बताए ।

‘प्रवासबाट आएको एक साता भयो, बजारमा किनमेल गरेर बाल बच्चासहित हामी गाउँ आइपुगेका छौं, हरियाली वातावरण, धान र कोदोका फाँटले मन प्रफुल्ल बनेका छन्, गाउँघर यो समयमा धेरै नै सुन्दर बनेका छन्,’ उनले भने । जिल्लाका अधिकांश गाउँमा बर्खायामको हिलो र झाडी पन्छाएर गोरटो बाटोलाई मर्मत गरिएको छ । परम्परादेखि नै चाडपर्वको समयमा झारा (श्रमदान) गरेर बाटो सरसफाइ र मर्मत गर्ने श्रम संस्कृति अझै यथावत् रहेको छ ।

सडकमार्गलाई सञ्चालन गराउन स्थानीय सरकारले बजेट व्यवस्थापन गर्ने गरे पनि गोरेटो बाटो भने श्रमदानबाटै सरसफाइ गरिँदै आएको छ । हरेक घरबाट सहभागिता हुनेगरी चाडपर्वको पूर्वसन्ध्यामा एक गाउँबाट अर्को गाउँ जाने र गाउँभित्रका गोरेटो बाटो सरसफाइ गरिएको रघुगंगा-३ दुलेपानीका युवा होम परियारले बताए । ‘बर्खायाममा झाडीले बाटो नै ढाकिएका थिए, श्रमदानबाट सरसफाइ गरेपछि आवतजावतमा सहज हुने भएको छ,’ परियारले भने । पछिल्लो समय युवा विदेशमा जाने प्रचलनका कारण श्रमदानमा महिलाको सहभागिता बढी हुने गरेको छ ।

दसैंलाई लक्षित गरी गाउँघरमा परम्परागत मेला आयोजना हुने गर्छन् । परम्परागत मनोरञ्जनको माध्यम बनेको मेला पर्वलाई पछिल्लो समय खेलकुद प्रतिस्पर्धा र कला संस्कृतिको प्रदर्शन गर्ने परम्परा सुरु भएको छ । दसैं तिहारको अवसरमा यहाँका दर्जनौं गाउँ बस्तीमा मेला पर्व आयोजना भइरहेका छन् । परम्परागत मेला पर्वको निरन्तरता पाउनु सकारात्मक पक्ष भए पनि ती नै मेलापर्वबाट शान्ति सुरक्षामा असर पुग्ने गतिविधि हुने भएकाले त्यसतर्फ सबैको ध्यान जानुपर्ने प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले बताए । *रासस*

---

## बुढीगंगा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हात्तिमुढा, मोरङ, कोशी प्रदेश नेपाल

## हार्दिक शुभकामना

नेपालीहरूको महान् चाड विजया दशमी, शुभ दीपावली तथा छठ पर्व २०८२ को सुखद् उपलक्ष्यमा यस नगरवासी, सम्पूर्ण आमाबुवा, दाजु भाइ तथा दिदीबहिनी साथै स्वदेश तथा विदेशमा रहनु भएका समस्त आम नेपाली जनहरूमा सुख, शान्ति, समृद्धि छाओस्, लक्ष्मीले बास गरुन् विजयको प्रतिकले सदैव छाई रहोस् । सबैको सू-स्वास्थ्य, दीर्घायुको उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### गाउँबासीहरूमा जनहितमा जारी सन्देश

- मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपयोग नगरौं ।
- हाम्रो सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
- मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- चाडपर्वको बेला सवारी साधनमा भिडभाड गरी यात्रा नगरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- चाडबाडको समयमा जथाभावी नखाऔं, नपिऔं, सन्तुलित र पोषणयुक्त आहार मात्र सेवन गरौं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं ।
- काटेको वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपयोग गरौं ।
- सडे गलेको र गन्हाएको मासुजन्य पदार्थ उपयोग नगरौं ।
- मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर मात्र उपभोग गरौं । चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं ।
- चाडपर्वमा फजुल खर्च नगरौं ।
- चाडबाडको समयमा खानपीनमा ध्यान दिऔं ।
- चाडबाडको समयमा आफ्नो घर छोडेर टाढासम्म नजाऔं, जानै परेमा आफ्नो घरको झ्याल, ढोका, ग्रील बन्दगरेर जाऔं र छिमेकीलाई समेत जानकारी गराऔं ।
- एक-अर्काको धर्म-अर्काको धर्म-संस्कृति, रिति-रिवाज, रहन-सहन र चाडपर्वको सम्मान गरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं, मद्यपान तथा जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।
- डेंगु संक्रमण कायमै रहेकोले सुरक्षित रहेर चाडपर्व मनाऔं, स्वस्थ सुरक्षाका सामाग्रीहरूको प्रयोग गरौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं, यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्यान्सर जस्तो भयावय रोग लाग्न सक्छ ।

**श्री जित नारायण थापा मगर**
अध्यक्ष

**श्री अमृता कुमारी गच्छदार**
उपाध्यक्ष

---

# Jahada Rural Municipality
## Office Of The Rural Municipal Executive
Morang , Koshi Province, Nepal

## Invitation For E-Bid

**First Date Of Publication: 12th Ashoj, 2082**

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (With VAT) NRs. | Bid Document Cost NRs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/ NCB/082/83-04 | Janta Ma. Vi. Dekhi Rampreet Shah ko Ghar Samma Sadak Kalopatre Garne Karya Jahada-2 | 39,93,057.70 | 3000 | 14:00 Hrs. 2082/06/31 | 12:00 Hrs. on 2082/07/12. | 14:00 Hrs. on 2082/07/12. | 1,00,000.00 |
| JRM/WORKS/ NCB/082/83-05 | Bhatigachh Dekhi Gaupalika Jodne Sadak Kalopatre Jahada-3 | 50,77,499.43 | 3000 | 14:00 Hrs. 2082/06/31 | 12:00 Hrs. on 2082/07/12. | 14:00 Hrs. on 2082/07/12. | 1,30,000.00 |
| JRM/WORKS/ NCB/082/83-06 | Biratnagar-14 Singhiya Pul Dekhi Jahada Gaupalika 5 Laximiniya Chowk Samma Bato Kalopatre | 54,86,034.88 | 3000 | 14:00 Hrs. 2082/06/31 | 12:00 Hrs. on 2082/07/12. | 14:00 Hrs. on 2082/07/12. | 1,40,000.00 |
| JRM/WORKS/ NCB/082/83-07 | Wada Karyalaya Paschim Nahar Ko Bato Hudai Koiri Tole Lohondra Pul Samma Sadak Kalopatre Garne Karya Jahada-4 | 86,60,761.29 | 3000 | 14:00 Hrs. 2082/06/31 | 12:00 Hrs. on 2082/07/12. | 14:00 Hrs. on 2082/07/12. | 2,20,000.00 |
| JRM/WORKS/ NCB/082/83-08 | Ukharkatta Dekhi Dumariya Samma Sadak Kalopatre Jahada-5 | 89,82,739.27 | 3000 | 14:00 Hrs. 2082/06/31 | 12:00 Hrs. on 2082/07/12. | 14:00 Hrs. on 2082/07/12. | 2,25,000.00 |
| JRM/WORKS/ NCB/082/83-09 | Prashasakiya Bhawan Tatha 15 Saiya Aspatal Jane Sadak Kalopatre Jahada-5 | 61,06,740.25 | 3000 | 14:00 Hrs. 2082/06/31 | 12:00 Hrs. on 2082/07/12. | 14:00 Hrs. on 2082/07/12. | 1,55,000.00 |
| JRM/WORKS/ NCB/082/83-10 | Janata Ma. Vi. Paschim Shyam Mandal Ko Ghar Samma Ko Sadak Kalopatre Karya Jahada-6 | 36,49,252.18 | 3000 | 14:00 Hrs. 2082/06/31 | 12:00 Hrs. on 2082/07/12. | 14:00 Hrs. on 2082/07/12. | 1,00,000.00 |
| JRM/WORKS/ NCB/082/83-11 | Mahadevkole Rajkumar Mukhiya Ko Ghar Dekhi Mul Sadak Jodne Sadak Kalopatre Jahada-7 | 83,48,834.42 | 3000 | 14:00 Hrs. 2082/06/31 | 12:00 Hrs. on 2082/07/12. | 14:00 Hrs. on 2082/07/12. | 2,10,000.00 |

2. The details of the project is as follows :

For other details please visit bolpatra.gov.np/egp

Contact: 9820730035, 9820730031

**Roshan Kumar Gupta**
**(Chief Administrative Officer)**

---

## कलेसियामा रोजगार
कम्पनी : JANZ FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331801 | चलानी नं. ६०२४५४१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 40 | 0 | 1700 | ५६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज १९ गते (5th Oct. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु.२५९६/- कामदारले तिर्ने | नि:शुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

श्रम ईजाजत नं. १०९७/०७३/०७४

---

## नेपाली सेना कृषि विज्ञान संस्थान, बगालेगांउ लमजुङ
### सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**सूचना नं. NAWF/NAIAS/RATION/LMG/2082/83/10**

(पहिलो पटक प्रकाशित मिति:२०८२/०६/१२ गते)

१. यस संस्थानको लागि आ.व. २०८२/८३ मा निम्न अनुसारको खरिद कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको ईजाजत प्राप्त इच्छुक फर्महरूले e-Gp System को माध्यमबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको हुंदा विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http://www.bolpatra.gov.np/egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. विद्युतिय माध्यमबाट सिलबन्दी दरभाउपत्र अपलोड गर्नु पर्ने अन्तिम मिति २०८२/०६/२७ गतेको १२:०० बजे भित्र र बोलपत्र खोलुवा मिति सोही दिनको १३:०० बजे ।

३. बोलपत्रको विवरण

| सि. नं. | बजेट शिर्षक | कामको विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | जमानत रकम रू. | बोलपत्र फाराम दस्तूर |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी आहार | पशुपंक्षीहरूको लागि दाना तथा आहार खरिद | १३,८५,७९८.९३ | ४५,०००.०० | १०००.०० |

---

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**

### सार्वजनिक सूचना

*मिति २०८२/०६/१२ गते*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त श्री Baby Angel International Pvt. Ltd. (ई.प.नं.९४०/०६७/६८) को तपसिल बमोजिमका सञ्चालकहरू/शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा.नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिस गरी दिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग वमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/शेयर सङ्ख्या | अब कायम हुने शेयरधनीहरूको नाम/शेयर सङ्ख्या |
|---|---|
| श्री अर्जुन प्रसाद कोइराला (१-४,०००) | श्री अर्जुन प्रसाद कोइराला (१-४,०००) (२६,४०१-३२,०००) |
| श्री शिव शंकर यादव (४००१-२६,४००) | श्री शिव शंकर यादव (४००१-२६,४००) |
| श्री कमल कुमार यादव (२६,४०१-३२,०००) | |
| श्री खडानन्द घिमिरे (३२,००१-३६,०००) | श्री खडानन्द घिमिरे (३२,००१-३६,०००) |
| श्री देवराज दंगाल (३६,००१-४०,०००) | श्री देवराज दंगाल (३६,००१-४०,०००) |

---

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
**स्वास्थ्य सेवा कार्यालय, जाजरकोट**

### विद्युतीय बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/१० (26 September 2025)**

यस स्वास्थ्य सेवा कार्यालयबाट चालु आ.व. २०८२।८३ मा अस्पताल फार्मेसीका लागि औषधी तथा सर्जिकल सामाग्रीहरु विद्युतीय बोलपत्रद्धारा खरिद गर्नु पर्ने भएकोले सम्बन्धित कार्यमा इजाजत पत्र प्राप्त फर्म वा कम्पनीले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब साइट www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरी बोलपत्रमा उल्लेखित सूचना बमोजिम तोकिएको मिति र समय भित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| IFB No. | Description | Price of Bid Document | Bid Security | Remarks |
|---|---|---|---|---|
